लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०७९/०२/१४

**KEY [B]**

**प्रथम चरण : पूर्व योग्यता परीक्षा**

**समय : ४५ मिनेट** **पूर्णाङ्क : १००**

**विषय : बैंकिङ्क, व्यवस्थापन, गणित र सामान्य ज्ञान**

*उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन ।*

## बस्तुगत बहुउत्तर

५०×२ = १००

1. **संगठनमा समान तहका कर्मचारीहरुबिच प्रवाहित हुने सूचना प्रवाहलाई ........... भनिन्छ ।**
**(Information flow among parallel level of employees in an organization is called.........)**
A. तलतर्फ सञ्चार B. समतल सञ्चार C. छड्के सञ्चार D. माथितर्फ सञ्चार

2. **संगठनमा मानव संसाधन व्यवस्थापनको निम्नमध्ये कुन तत्वमा प्रविधिको प्रयोग महत्वपूर्ण हुन्छ ?**
**(In Which of the following elements of HRM in organization is the use of technology most important ?)**
A. कार्यवल विविधत B. मानव पूँजी
C. मानव संसाधन सूचना प्रणाली D. सेवा समाज

3. **आर्थिक वर्ष समाप्त भएपछि मात्र तयार गरिने खाता कुन हो ?**
**(Which account is prepare only after the completion of fiscal year ?)**
A. अन्तिम खाता B. मेसिनरी खाता C. शेयर खाता D. माथिका सबै

4. **जनशक्ति व्यवस्थापनमा आवश्यक जनशक्ति छनौट गर्दा अवलम्बन गरिने योग्यता प्रणालीले के बुझाउँछ ?**
**(What does the merit system followed in the human resource selection process for HRM refer to ?)**
A. सक्षमता, समान अवसर र तटस्थताको आधारमा योग्य जनशक्तिको छनौट
B. राजनीतिक आवश्यकता र प्राथमिकताको आधारमा जनशक्तिको छनौट
C. समावेशिताको आधारमा कर्मचारी छनौट
D. राज्यलाई आम्दानी धेरै हुने गरी कर्मचारी छनौटमा प्राथमिकता

5. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार सार्वजनिक लेखाको सिद्धान्त, आधार र ढाँचा कस्तो हुनुपर्छ ?**
**(According to the Economic procedure and Fiscal Accountability Act, What will be the principle, foundation and framework of the public financing ?)**
A. दोहोरो लेखा प्रणालीको सिद्धान्तमा आधारित
B. महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिका आधारमा लेखा राख्न सकिने
C. A र B दुवै
D. तीन तहको सरकारले आ-आफ्नो ढाँचामा लेखा राख्न सक्ने

6. **समूह I र II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।**
**(Match group I and II and Choose the correct answer from the codes.)**

| **समूह I** | **समूह II** |
|---|---|
| a. Paid Rent | i. Trail Balance |
| b. Goods in Mill | ii. Balance Sheet |
| c. List of Cr. and Dr. | iii. Nominal Account |
| d. Depreciation | iv. Non Cash Expenses |

A. a-iii, b-ii, c-i, d-iv B. a-ii, b-i, c-iv, d-iii
C. a-iii, b-i, c-ii, d-iv D. a-ii, b-i, c-iii, d-iv

CamScanner

7. कार्यसम्पादन मूल्याङ्कनको प्रशासनिक प्रयोगमा तलकामध्ये कुन संलग्न हुँदैन ?
(Which of the following is not included in administrative use of performance appraisal ?)

A. कर्मचारीको पृष्ठपोषण B. सुपरिवेक्षण
C. तालिम D. सरुवा

8. सुपरिवेक्षक, सहकर्मी, आफै र सेवाग्राहीबाट मूल्यांकन गरिने मूल्यांकन प्रणाली कुन हो ?
(Which is the evaluation system evaluated by Supervisor, Peers, Self and Customers ?)

A. ९०° मूल्यांकन B. १८०° मूल्यांकन
C. ३६०° मूल्यांकन D. माथिका कुनै पनि होइनन्

9. वासलात तयार गर्दा सम्पत्ति पक्षमा रहने तलकोमध्ये कुन हो ?
(While preparing Balance Sheet, which one of the following is in the side of assets ?)

A. पूँजी फिर्ता (Drawings) B. खुद नाफा (Net Profit)
C. बैंक मौज्दात (Cash in Bank) D. खुद नोक्सान (Net loss)

10. तलका मध्ये कुन कथन दोहोरो लेखा प्रणालीको फाइदा होइन ?
(Which of the following statments is not the advantage of double entry system ?)

A. लेखाका किताबको बढ्दो आकार B. कारोवारको सम्पूर्ण लेखा
C. अभिलेखको अंकगणितीय शुद्धताको जाँच D. वित्तीय स्थितिको निर्धारण

11. A ले १०% नाफा खाएर कुनै वस्तु B लाई बेच्दछ । B ले सोही वस्तु १०% घाय खाएर पुनः A लाई नै बेच्दछ । यो कारोवारमा ।
(A sells an article to B at a profit of 10%. B sells the same article back to A at a loss of 10%. In this transaction)

A. A लाई नाफा/घाटा केही पनि हुँदैन । B. A ले २०% नाफा कमाउँछ
C. A ले ११% नाफा कमाउँछ D. B ले २०% घाटा व्यहोर्दछ

12. तपाइले ५ वर्ष अगाडि १६% साधारण व्यादरमा लिएको ऋणको रु. ९,६०० व्याज तिर्नुभयो भने ऋणको रकम कति थियो ?
(You paid Rs. 9600 as interest on a loan you took 5 years ago at 16% simple interest. What was the amount you took as loan ?)

A. रु. १६,४०० B. रु. १२,००० C. रु. १२,५०० D. रु. १८,०००

13. रु. १,००० को १०% वार्षिक चक्रिय व्याज दरले तीन वर्षमा चक्रिय व्याज कति हुन्छ ?
(How much is the compound interest for three years with 10% compound interest per year of Rs. 1000 ?)

A. रु. ३३० B. रु. ३०० C. रु. ३३१ D. रु. ३३३

14. एउटा कक्षामा ३० जना विद्यार्थीमध्ये १२ जना छात्राहरु छन् भने छात्रहरु कति प्रतिशत होलान् ?
(In a classroom, there are 12 girls out of 30 students, what is the percentage of boys ?)

A. ५५ B. ६० C. ६५ D. ७०

15. कुनै आयातको प्रत्येक भूजा ४०% ले कम गर्दा यसको क्षेत्रफलमा कति प्रतिशत कमी हुन्छ ?
(If each side of a rectangular field is diminished by 40%, what is the reduced percentage of its area ?)

A. ६४ B. ३२ C. २५ D. १६

16. P, Q र R प्रकारका प्रत्येक लेखको मूल्य रु ३००, रु १८० र रु १२० छ । सुरेशले प्रत्येक प्रकारका लेखहरु ३:२:३ को अनुपातमा रु ६,४८० मा किन्यो भने उसले Q प्रकारका लेख कति वटा खरिद गर्यो ?
(Price of each types of article P, Q and R is Rs. 300, Rs 180 and Rs 120 respectively. When suresh bought articles of each type in ratio 3:2:3 for Rs 6,4800, how many articles of type Q did he purchase ?)

A. ७ B. ६ C. ८ D. ५

17. यदि दुई दर्जन कलमलाई २४० रुपैयाँ पर्छ भने ७ वटा कलमलाई कति पर्छ ?
(If the price of 2 dozen pens is Rs 240, what is the price of 7 pens ?)

A. रु १० B. रु ४० C. रु ७० D. रु ८०

CamScanner

18. ६ वटा घण्टीहरु क्रमशः २, ४, ६, ८, १० र १२ सेकेण्डमा एकसाथ बज्दछन् भने ३० मिनेटमा उक्त घण्टीहरु कतिपटक स बज्दछन् ?

(Six bells commence tolling together at 2, 4, 6, 8, 10 and 12 seconds respectively. In 30 minutes how many times do they toll together ?)

A. १६ B. १५ C. १० D. १४

19. ५० वटा संख्याहरुको औषत ३० छ । यदि २ वटा संख्या ४८ र ६० हटाएमा बाँकी संख्याहरुको औषत मान कति हुन्छ ?

(The average of 50 numbers is 30. If two numbers 48 and 60 are discarded, what is the average of the remaining numbers ?)

A. २९.५ B. २९ C. ३१ D. २७

20. यदि घातांक $\frac{4^{x+2}-4^x}{4^x}$ भए तलका मध्ये कुन ठिक हुन्छ ?

(If indices be $\frac{4^{x+2}-4^x}{4^x}$, then which is the correct answer ?)

A. ३ B. ९ C. १५ D. २१

21. नेपालको सबैभन्दा उत्तरी विन्दु कुन जिल्लामा पर्छ ?

(In which district does the northest pole of Nepal lie ?)

A. मुस्ताङ B. हुम्ला C. गोरखा D. दार्चुला

22. सार्कका सदस्य राष्ट्रहरु कति छन् ?

(How many member countries does SAARC have ?)

A. ६ B. ७ C. ८ D. ९

23. समूह I र II मा जोड मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ?

(Match the group I and II and choose the correct answer from the codes.)

| समूह I | समूह II |
|---|---|
| a. कोशी नदी | 1. तिला |
| b. गण्डकी नदी | 2. शाली नदी |
| c. कर्णाली नदी | 3. तमोर |
| d. वागमती नदी | 4. कालीगण्डकी |

A. a-2, b-1, c-4, d-3 B. a-1, b-2, c-4, d-3

C. a-3, b-4, c-1, d-2 D. a-3, b-4, c-2, d-1

24. समूह I र II मा जोड मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ?

(Match the group I and II and choose the correct answer from the codes.)

| समूह I | समूह II |
|---|---|
| a. श्रमको हक | i. लिपि सम्बर्द्धन |
| b. शिक्षासम्बन्धी हक | ii. सामूहिक सौदावाजी |
| c. भाषा तथा संस्कृतिको हक | iii. वदनियतपूर्ण नजरबन्दमा क्षतिपूर्ति |
| d. निवारक नजरबन्द विरुद्धको हक | iv. अपांगको लागि निःशुल्क शिक्षा |

A. a-i, b-iv, c-i, d-iii B. a-ii, b-i, c-iv, d-iii

C. a-iii, b-iv, c-ii, d-i D. a-ii, b-iii, c-i, d-iv

25. विश्व स्वास्थ्य संगठनको प्रधान कार्यालय कहाँ छ ?

(Where is the headquarter of World Health Organization ?)

A. जेनेभा, स्वीट्जरल्याण्ड B. पेरिस, फ्रान्स

C. वासिंगटन डिसी, अमेरिका D. लण्डन, बेलायत

26. नेपालमा अनमिनले कहिदेखि कहिलेसम्म कार्य गऱ्यो ?

(What is the duration that UNMIN worked in Nepal ?)

A. २०६३ माघ ९ देखि २०६७ पुष ३० सम्म B. २०६३ माघ ५ देखि २०६७ पुष ५ सम्म

C. २०६२ माघ ९ देखि २०६७ पुष ३० सम्म D. २०६२ माघ ५ देखि २०६७ पुष ३० सम्म

CamScanner

27. सुर्मा सरोवर नेपालको कुन जिल्लामा अवस्थित छ ?
(In which district of Nepal is Surma Lake (Sarobar) situated ?
A. हुम्ला B. अछाम C. मनाङ D. बझाङ

28. संयुक्त राष्ट्रसंघको बडापत्रमा कतिवटा धारा रहेका छन् ?
(How many articles are contained in United Nations Charter ?)
A. ११० B. ११३ C. १११ D. ११२

29. कोरोना भाइसरको पछिल्लो भेरिएन्ट "ओमिक्रोन" शुरुमा कहाँ पत्ता लागेको हो ?
(Where is the "Omicron" the new variant of Corona Virus identified at first ?)
A. नयाँ दिल्ली B. दक्षिण अफ्रिका C. अमेरिका D. नामिबिया

30. राष्ट्रिय आयको गणना कुन विधिबाट हुन्छ ?
(What is the method to calculate the national income ?)
A. खर्च विधि B. आम्दानी विधि C. मूल्य अभिवृद्धि विधि D. माथिका सबै

31. सबैभन्दा बढी नेटवर्कको आकार तलका मध्ये कुनमा हुन्छ ?
(Which of the following has the biggest network ?)
A. Internet B. Intranet C. Extranet D. None of the above

32. तलकामध्ये कुन कथन सही छ ?
(Which of the following statement is correct ?)
A. Full form of CD is Compact Device
B. Full form of DVD is Digital Video Device
C. Full form of GUI is Graphical User Interface
D. Full form of USB is Uniform Serial Bus

33. विश्वमा Microsoft Windows 8 कहिले Release भयो ?
(When was Microsoft Windows 8 released in the world ?)
A. October 22, 2008
B. October 13, 2010
C. October 26, 2012
D. October 18, 2013

34. दुई प्रकारका मुख्य मेमोरी तलकामध्ये कुन हुन् ?
(Which of the following are the two kinds of Primary memory ?)
A. Primary and Secondary
B. Random and Sequential
C. ROM and RAM
D. All of the above

35. तलकामध्ये कम्प्यूटर अपरेटिङ सिस्टम कुन होइन ?
(Which of the following is not a Computer Operating System ?)
A. Windows B. Linux C. Oracle D. DOS

36. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ८ बमोजिम राष्ट्रिय समन्वय समितिको संयोजक को हुन्छ ?
(Who will be the convenor of the National Coordination Committee according to the clause 8 of the Asset (Money) Laundering Prevention Act, 2064 ?)
A. सचिव, अर्थ मन्त्रालय
B. गभर्नर, नेपाल राष्ट्र बैंक
C. सचिव, गृह मन्त्रालय
D. सचिव, परराष्ट्र मन्त्रालय

37. नेपाल राष्ट्र बैंकले २०७३/७४ मा ल्याएको मौद्रिक नीतिअनुसार 'क' वर्गका वाणिज्य बैंकहरुले कति चुक्ता पुँजी पुर्‍याउनु पर्दछ ?
(According to the Money Policy formulated by Nepal Rastra Bank in 2073/74. how much paid of capital should be for the "A" class commercial bank ?)
A. ८० करोड B. २ अर्ब C. २ अर्ब ५० करोड D. ८ अर्ब

38. नेपालको पहिलो ज्वाइन्ट भेञ्चर वाणिज्य बैंक कुन हो ?
(Which is the first Joint Venture commercial bank of Nepal ?)
A. नबिल बैंक B. एभरेष्ट बैंक C. एसबिआई बैंक D. एनबिआई बैंक

39. बृहत आर्थिक लक्ष्य तथा दिगो आर्थिक वृद्धि हासिल गर्न केन्द्रीय बैंकले मुद्रा आपूर्तिको नियन्त्रण गर्ने कार्यलाई ...... भनिन्छ । (The function of central bank of controling money supply to achieve macroeconomic goals and sustainable economic growth is known as .......)
A. वित्तीय नीति B. मौद्रिक नीति C. साख व्यवस्थापन D. दिगो विकास लक्ष्य

CamScanner

40. तल दिइएका मध्ये ग्राहक संरक्षण सिद्धान्तका प्रमुख आधारहरु के के हुन ?
(Which of the following are the basis of customer protection principles ?)
i. समान व्यवहार  ii. ग्राहक पहिचान  iii. पारदर्शिता  iv. उचित मूल्य
A. i, ii, iii  B. ii, iii, iv  C. i, iii, iv  D. i, ii, iv

41. नेपालको अर्थतन्त्रमा विप्रेषणले पारेको सकारात्मक प्रभाव कुन हो ?
(Which is the positive impact of remittance on Nepalese economy ?)
A. विभिन्न वैदेशिक रोजगार बचतपत्र, शेयर तथा ऋणपत्रमा लगानी परिचालन गर्न सहयोग पुगेको
B. खर्चयोग्य आम्दानीमा वृद्धि गरेको
C. देशको कुल श्रम आपूर्तिमा ह्रास आएको
D. उत्पादनमुखी कार्यक्रममा संकुचन तथा अनौपचारिक कारोबारमा लगानी वृद्धि

42. नेपाल राष्ट्र बैंकको सञ्चालक समितिमा कति जना सदस्य रहने व्यवस्था छ ?
(How many members are there in the Board of Directors of Nepal Rastra Bank ?)
A. ५  B. ७  C. ३  D. ९

43. साधारण अंशियारहरुसँग तल दिइएका मध्ये कुन चाहिँ अधिकार हुँदैन ?
(Which of the following rights do ordinary shareholders not have ?)
A. व्यवस्थापकीय निर्णयमा सहभागी हुन  B. सञ्चालकहरुको चयन गर्न
C. व्याज रकम प्राप्त गर्न  D. नाफा प्राप्तीमा सहभागी हुन

44. नेपालमा कहिलेबाट सरकारी ऋणपत्रको निष्काशन शुरु भयो ?
(When did the issuance of government bonds start in Nepal ?)
A. आ.व. २०१६/१७  B. आ.व. २०१७/१८  C. आ.व. २०१८/१९  D. आ.व. २०१९/२०

45. विदेशी बैंक तथा वित्तीय संस्थाको जनमानतामा कर्जा दिने कार्य कुन बैंकले गर्दछ ?
(Which bank flows the debt in the bail of foreign bank and financial institutions ?)
A. वाणिज्य बैंक  B. विकास बैंक  C. वित्त कम्पनी  D. नेपाल राष्ट्र बैंक

46. पूँजीकोष भन्नाले के लाई बुझाउँछ ?
(What is meant by capital fund ?)
A. Ordinary share  B. Promoter share
C. Sum of primary and supplementary capital  D. All of the above

47. बैंकले कस्ता ग्राहकहरुको पहिचान गर्न बृहत ग्राहक पहिचान पद्धति उपयोग गर्दछ ?
(To identify which type of customers, do banks use an enhanced customer due diligence (ECDD) method ?)
i. उच्च नेटवर्थ भएका  ii. अस्वभाविक कारोबार भएका
iii. विद्युतीय कारोवार गर्ने  iv. नगद बढि प्रयोग हुने व्यवसायमा संलग्न
A. i, ii, iii  B. ii, iii, iv  C. iii, iv, i  D. i, ii, iv

48. नेपाल राष्ट्र बैंकको सञ्चालकको नियुक्ति कसले गर्दछ ?
(Who appoints the Board of Directors of Nepal Rastra Bank ?)
A. अर्थ मन्त्रालय  B. गभर्नर
C. अर्थमन्त्री  D. नेपाल सरकार, मन्त्रिपरिषद

49. बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको सदस्यको पदावधि कति वर्षको हुन्छ ?
(What is the tenure of member of Board of Directors of banks and finanical institutions ?)
A. ३ वर्ष  B. ४ वर्ष  C. ५ वर्ष  D. ६ वर्ष

50. बैंक तथा वित्तीय संस्थाले आफ्नो कूल जारी पूँजीको कम्तीमा कति शेयर सर्वसाधारणलाई विक्रिको लागि छुट्याउनु पर्दछ ?
(At least how much shares of issued capital should banks and financial institutions set aside for sale (allocation) to public ?)
A. २०%  B. ५०%  C. ४०%  D. ३०%

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, सहायक (नगद) पदको
खुला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०७९/३/२४

पत्र: प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बैंकिङ्क, लेखा तथा सूचना प्रविधि

प्रत्येक Section को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"**

४० अङ्क

१. नेपालमा बैंकिङ्ग सेवाको विकास र चुनौतीबारे लेख्नुहोस् ।
(Write about development and challenges of banking service in Nepal.) ५+५=१०

२. कर्जामा निहित जोखिमहरु के के हुन ? उल्लेख गर्दै कर्जा वर्गीकरण तथा जोखिम व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनहरुसमेत लेख्नुहोस् ।
(What re the risks related to loan ? Also, mention directives issued by Nepal Rastra Bank for classification of loan and its risks management.) ५+५=१०

३. विद्युतीय कारोबारसम्बन्धी ऐन, २०६३ का विशेषताहरु उल्लेख गर्दै यसमा सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।
(Write down the characteristics of Electronic Transaction ACT, 2063 and give your suggestions for its improvement.) ४+६ =१०

४. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भए बमोजिम नेपाल राष्ट्र बैंक सञ्चालक समितिको गठन प्रकृया उल्लेख गर्नुहोस् ।
(Mention the formation process of Board of Directors of Nepal Rastra Bank according to Nepal Rastra Bank Act, 2058.) ४+६ =१०

**खण्ड "ख"**

४० अङ्क

५. नगद प्रवाह विवरण तयार पार्नुका उद्देश्यहरु के के हुन् ? नगद प्रवाह विवरणको संरचना उदाहरणसहित प्रस्तुत गर्दै मुख्य मुख्य शीर्षकहरुमाथि प्रकाश पार्नुहोस् ।
(What are the objectives of cash flow statement ? Present an example of cash flow statement and explain the major components of cash flow statement.) ५+५=१०

६. आन्तरिक लेखापरीक्षण र बाहय लेखापरीक्षणको भिन्नता उल्लेख गर्दै कुनै पनि बैंकमा आन्तरिक लेखापरीक्षणको महत्वमाथि प्रकाश पार्नुहोस् ।
(Differentiate between internal audit and external audit and describe the importance of internal audit in a bank.) ५+५=१०

७. बैंक तथा वित्तीय संस्थाहरुको पुंजी तथा पुँजीकोष सम्बन्धी व्यवस्थाहरुबारे उल्लेख गर्नुहोस् ।
(Discuss the provisions relating to capital and capital fund of bank and financial institutions.) ५+५=१०

८. बैंकिङ्ग कारोबारमा हुन सक्ने निहित जोखिम र तिनको व्यवस्थापन गर्ने उपायहरु सम्बन्धमा प्रकाश पार्नुहोस् । १०
(Shed light on underlying risks involved in banking transactions and ways to managing such risks.)

**खण्ड "ग"**

२० अङ्क

९. Answer the following
 a. Compare and contrast word processing System and Excel. 5+5=10
 b. Explain the functions of Computer Operating System (OS)

१०. Answer the following:
 a. Explain about the Internet and Intranet services used in banking. 5+5=10
 b. Explain any two Security related policies in the Nepal Rastra Bank IT Policy.

mmm

CS CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, चौथो, सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०७९/३/२५

पत्र: द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** ६० अङ्क

१. संगठनमा द्वन्द्व के कारणले उत्पन्न हुन्छ ? संगठनात्मक द्वन्द्व समाधानका उपायहरु प्रस्तुत गर्नुहोस् । ४+६=१०

(Write about development and challenges of banking service in Nepal.)

२. उत्प्रेरणासम्बन्धी सिद्धान्तको बारेमा छोटकरीमा उल्लेख गरी राष्ट्रिय वाणिज्य बैंक जस्तो संस्थामा उत्प्रेरणासम्बन्धी कुनै सिद्धान्तले कर्मचारीहरुलाई बढी उत्प्रेरित गर्न मद्धत पुऱ्याउँछ ? छोटकरीमा वर्णन गर्नुहोस् । ५+५=१०

(Write briefly on theories of motivation and also briefly explain which of the theories will be more relevant to motivate the staff if institutions like Rastriya Banijya Bank.)

३. संगठनमा अभिलेख व्यवस्थापनको महत्वमाथि प्रकाश पार्दै बैंकका अभिलेखहरु प्रभावकारी रुपमा व्यवस्थित गरी राख्न प्रयोग गर्न सकिने व्यवहारिक फाइलिङ विधिहरुको चर्चा गर्नुहोस् । ३+७ = १०

(Highlight the importance of Record Management in an organization. Explain major practical techniques for maintaining records of a commercial bank effectively.)

४. बैंक तथा वित्तीय संस्थामा हुने अन्तर वैयक्तिक सञ्चारको महत्वमाथि प्रकाश पार्दै प्रभावकारी सञ्चारमा आउन सक्ने अवरोधहरुबारे चर्चा गर्नुहोस् । ४+६ = १०

(Highlight the importance of inter-personal communication existing in banks and financial institutions and discuss barriers to effective communication.)

५. असल नेतृत्वमा हुनुपर्ने गुणहरुको बारेमा चर्चा गर्नुहोस् । बैंकिङ्ग क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई नेतृत्वले कसरी कामप्रति उत्प्रेरित गर्न सक्दछ ? वर्णन गर्नुहोस् । ५+५=१०

(Mention the qualities of good leadership. How can a leader motivate the employees working in banking sectors ? Explain.)

६. तालिमका किसिम र विधिहरु उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थाहरुमा तालिमको कुन कुन किसिम र विधिहरु बढी उपयुक्त गर्न सक्छन् ? छोटकरीमा लेख्नुहोस् । १०

(Mention types and methods of training. Briefly explain Which types and Methods of Training are more appropriate in bank and financial institutions.)

**खण्ड "ख"** २० अङ्क

७. राजुले एउटा काम ८ दिनमा गर्न सक्दछ । सौरभले त्यही काम ६ दिनमा गर्न सक्छ । राजु र सौरभले एक/एक दिन विराएर काम गर्दछन् । यदि पहिलो दिन राजुले उक्त काम शुरु गऱ्यो भने कति दिनमा सो काम सकिएला ? १०

(Raju can do a piece of work in 8 days and Saurav can do the same work in 6 days. Raju and Saurav work on it in alternate days. If Raju started the work on the first day, in how many days will the work be completed ?)

८. अनुजाले रु. १३,९०० रकम दुइवटा बैंकहरु 'ए' र 'बी' मा क्रमशः १४% र ११% वार्षिक ब्याजदरमा जम्मा गरिन् । दुई वर्षपछि उनले पाएको साधारण ब्याज रकम जम्मा रु. ३,५०८ छ भने उनले बैंक 'बी' मा कति रकम जसमा गरिछन् ? पत्ता लगाउनुहोस् । ५+५=१०

CamScanner

(Anuja deposited an amount of Rs. 13,900 in two banks 'A' and 'B' at the simple interest rate of 14% and 11% p.a. respectively. If the total amount of simple interest earned in 2 years is Rs. 3,508 what was the amount deposited in bank 'B' ?)

## खण्ड "ग"

२० अङ्क

९. विप्रेषण भन्नाले के बुझिन्छ ? नेपाल अर्थतन्त्रमा विप्रेषणको महत्व उल्लेख गर्नुहोस् । ३+७=१०

(What is remittance ? Explain the importance of remittance in Nepalese economy.)

१०. बैंकिङ्ग क्षेत्रमा सञ्चालनगत जोखिम भनेको के हो ? BASEL–III ले वाणिज्य बैंकको सञ्चालन जोखिम कसरी गणना गर्ने व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् । ४+६=१०

(Define operatinal risks in banking sector. Explain the provisions made in Basel - III guideline to calculate operational risks of a commercial bank.)

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, चौथो, सहायक (नगद) पदको
खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७९/०२/१४

**KEY C**

प्रथम चरण : पूर्व योग्यता परीक्षा
समय : ४५ मिनेट
पूर्णाङ्क : १००
विषय : बैंकिङ्क, व्यवस्थापन, गणित र सामान्य ज्ञान

*उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन ।*

## बस्तुगत बहुउत्तर

५०×२ = १००

1. आयात र निर्यातको अनुपात ८०:२० हुँदा निर्यात १ विलियन छ भने आयात कति होला ?
(The ratio of import and export is 80:20, if the export is 1 billion, what is the amount of import ?)
A. 1 Billion B. 10 Billion C. 5 Billion D. 15 Billion

2. बाबु, आमा र छोराको उमेर क्रमशः ४०, ३५ र १५ वर्ष भए तिनीहरुको औषत उमेर कति होला ?
(The age of father, mother and son is 40, 35 and 15 respectively. Then what is their average age ?)
A. ४० वर्ष B. ३० वर्ष C. ४५ वर्ष D. १५ वर्ष

3. यदि a odd नं. हो र b even नं. हो भने तलका मध्ये कुन integer मा आउँदैन ?
(If a is an odd number and b is an even number, which of the following can not be an integer ?)
A. $\frac{a}{b}$ B. b+a C. a×b D. a-b

4. एउटा पर्समा रु. २० रु १० र रु ५ का नोटहरु ३:४:५ को अनुपातमा रहेका छन् । यदि त्यो पर्समा जम्मा रु १००० नगद रहेको छ भने रु ५ का कतिवटा नोट रहेका छन् ?
(A Purse contains Rs 20, Rs 10 and Rs 5 denomination notes in the ration of 3:4:5 . If there is total 1000 rupees in the purse, then how many of 5 rupees notes are there ?)
A. ४० B. ३० C. ३२ D. ४५

5. $9^{-2}\times\frac{1}{3^{-3}}$ को हल गर्नुहोस् । (Solve $9^{-2}\times\frac{1}{3^{-3}}$)
A. 3 B. $\frac{1}{3}$ C. $\frac{1}{9}$ D. $\frac{1}{27}$

6. 'कोत पर्व' हुँदाका बखत नेपालमा प्रधानमन्त्री को थिए ?
(Who was the prime Minister at the time of 'Kote Parva' in Nepal ?)
A. फत्तेजङ्ग राणा B. जंगबहादुर राणा C. माथवरसिंह थापा D. रणजंग पाण्डे

7. नेपालको संविधानमा मौलिक हकसम्बन्धी कति वटा धारा रहेका छन् ?
(How many articles are there relating to fundamental rights in the constitution of Nepal ?)
A. २९ B. ३१ C. ४४ D. ५१

8. एशिया महादेशको क्षेत्रफल कति छ ? (What is the total area of Asia Continent ?)
A. ३ करोड ३० लाख वर्ग कि.मि. B. २ करोड २० लाख वर्ग.कि.मि
C. १ करोड ११ लाख वर्ग.कि.मि D. ४ करोड ४५ लाख वर्ग.कि.मि

9. ग्रीष्मकालीन ओलम्पिक -२०२० मा कुन देशले प्रथम स्थान हासिल गरेको थियो ?
(Which country stood in the first place in Summer Olympics - 2020 ?)
A. चीन B. अमेरिका C. बेलायत D. जापान

10. तल दिइएका राजधानी शहरहरुलाई तिनीहरुको उचाईको आधारमा घट्दो क्रममा मिलाउनुहोस् ।
(Arrange the given capital cities in descending order based on their altitude.)
क. बोगोटा ख. काबुल ग. काठमाडौं घ. किगाली
A. क, ख, ग, घ B. क, ख, घ, ग C. क, ग, ख, घ D. ग, ख, घ, क

CamScanner

11. नेपालमा संविधानसभाको पहिलो निर्वाचन कहिले भएको थियो ?
**(When was the first election for the Constituent Assembly held in Nepal ?)**

A. वि.सं. २०६४ चैत्र २४ B. वि.सं. २०६४ चैत्र २६
C. वि.सं. २०६४ चैत्र २८ D. वि.सं. २०६४ चैत्र ३०

12. देहायका मध्ये कुन विनिमेय अधिकारपत्र होइन ?
**(Which of the following is not a negotiable instrument)**

A. Bearer cheque B. Promissory note
C. Bill of exchange D. Account payee crossed cheque

13. संयुक्त राष्ट्रसंघका प्रमुख अंगहरुमा तलकामध्ये कुन पर्दैन ?
**(Which is not the principal organ of the United Nations ?)**

A. सचिवालय B. सुरक्षा परिषद् C. साधारण सभा D. विश्व बैंक समूह

14. अन्तर्राष्ट्रिय श्रम संगठनको मुख्यालय कहाँ छ ?
**(Where is ILO headquarter situated ?)**

A. न्यूयोर्क, अमेरिका B. वासिंगटन डिसी, अमेरिका
C. जनेभा, स्विट्जरल्याण्ड D. लण्डन, बेलायत

15. सेतो हात्तीको देश भनेर कुन देशलाई चिनिन्छ ?
**(Which country is known as country of While Elephant ?)**

A. थाइल्याण्ड B. सिंगापुर C. इण्डोनेशिया D. मलेशिया

16. तलकामध्ये कुन परेटिङ्ग सिस्टम होइन ? **(Which of the following is not an operating system ?)**

A. Windows 95 B. Windows 98 C. Windows 96 D. Windows 2000

17. AVI को पूरा रुप के हो ? **(What is the full form of AVI ?)**

A. Audio Video Interface B. Audio Video Interleave
C. Active Video Integrated D. Audio and Video Information

18. कम्प्यूटर प्रणालीको दिमाग भनेको ....... हो । **(The brain of computer system is ........)**

A. Keyboard B. Monitor C. CPU D. Memory Disk

19. UNIX को पूरारुप के हो ? **(What is the full form of UNIX ?)**

A. Users Network Identity Device
B. United Network Information System
C. Uniplexed Information Computing System
D. Uninterrupted Network Information

20. इन्ट्रनेटहरु कति किसिमका छन् ? **(How many tupes of inranet are there ?)**

A. 4 B. 3 C. 2 D. 1

21. हाल स्थानीय तहको निक्षेपको कति प्रतिशत रकमलाई CD Ratio गणनाको लागि उपयोग गर्न पाइन्छ ?
**(What percentage of deposit amount of Local Government can be used to calculate CD Ratio Now a days ?)**

A. ६० B. ७५ C. ८५ D. ८०

22. वाणिज्य बैंकहरुको कर्जा लगानीको दर तलका मध्ये कुन अन्तर्गत पर्दछ ?
**(Which of the following belongs to lending rate of commercial banks ?)**

A. Bank Rate B. CRR C. Base Rate D. SLR

23. नेपाल राष्ट्र बैंकले नोटकोषबाट रकम झिक्दा र राख्दा कुनै एक दरको नोटमा कम्तीमा कति थानसम्म झिक्नु वा राख्नुपर्ने प्रावधान छ ?
**(What is the minimum number of notes of a particular denomination that can be taken out and kept at the Note Chest by Nepal Rastra Bank ?)**

A. १०० B. ५०० C. १००० D. माथिका कुनै पनि होइन

24. KYC फर्ममा तलका मध्ये कुन कुरा समावेश हुँदैन ?
**(Which of the following is not included in KYC Form ?)**

A. पारिवारिक विवरण B. आय स्रोतको पहिचान
C. वैवाहिक स्थिति D. स्थायी ठेगाना

CamScanner

25. नेपाल राष्ट्र बैंकका सञ्चालकहरुको कार्यकाल ......... हुन्छ ।
(Tenure of Nepal Rastra Bank's Board of Directors is .......)
A. ५ वर्ष B. ४ वर्ष C. ६ वर्ष D. ३ वर्ष

26. तलका मध्ये कुन भुक्तानीको साधन होइन ?
(Among the following which is not the means of payment ?)
A. नगद B. शेयर पत्र C. चेक D. मोबाइल पेमेन्ट

27. नेपाल सरकारले चाँदी आयातमा कति भन्सार महशुल कायम गरेको छ ?
(How much customs duty has Nepal Government fixed on import of silver ?)
A. प्रति १० ग्राम रु. १०० B. प्रति १० ग्राम रु. १२०
C. प्रति १० ग्राम रु. ११७ D. प्रति १० ग्राम रु. १०७

28. तलका मध्ये कुन ग्राहक संरक्षण सिद्धान्त होइन ?
A. ग्राहक गोपनीयता सिद्धान्त B. कार्य विभाजन सिद्धान्त
C. व्यवसायिक नैतिकता सिद्धान्त D. पारदर्शिताको सिद्धान्त

29. तलका मध्ये कुन निक्षेप खाता होइन ? (Which of the following is not the deposit account ?)
A. मुद्दती खाता B. पुँजी खाता C. चल्ती खाता D. बचत खाता

30. वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले आफूले संकलन गरेको निक्षेपको निश्चित रकम केन्द्रीय बैंकमा राख्नुपर्ने हुन्छ, उक्त रकमलाई के भनिन्छ ?
(Bank and Financial Institutions (BFIS) have to keep certain percentage of the deposit they collected at the central bank. What is that amount called ?)
A. वैधानिकता नगद अनुपात (SLR) B. बैंक दर (BR)
C. अनिवार्य नगद अनुपात (CRR) D. माथिका कुनै पनि होइनन्

31. नेपाल राष्ट्र बैंकको स्थापना प्रधानमन्त्री ......... को पालामा भएको थियो ।
(Nepal Rastra Bank was established at the time of prime minister ...........)
A. डा. के. आई.सिंह B. सुवर्ण शमशेर
C. टंकप्रसाद आचार्य D. मातृकाप्रसाद कोइराला

32. नेपालको पहिलो बैंक कुन हो ? (Which is the first bank in Nepal ?)
A. नेपाल राष्ट्र बैंक B. राष्ट्रिय वाणिज्य बैंक
C. कृषि विकास बैंक D. नेपाल बैंक लिमिटेड

33. बैंकिङ्ग कसूर तथा सजाँय ऐन, २०६४ अनुसार अनाधिकृत रुपमा खाता खोलेमा वा रकम जम्मा गरेमा कति कैद सजाँय हुने प्रावधान रहेको छ ?
(According to Banking Offence and Punishment Act, 2064 What is imprisonment punishment on opening an account or deposition cash in an unauthorized manner ?)
A. एक महिनासम्म कैद B. दुई महिनासम्म कैद C. तीन महिनासम्म कैद D. चार महिनासम्म कैद

34. मुद्रा बजारको नियामक निकाय ............ हो । (Regulatory body of Money Market is ............)
A. SEBON B. NEPSE C. NRB D. GON

35. Camels rating पद्धति भनेको के हो ? (Camels rating is a method of ..........)
A. Measuring banking B. Base of controling C. Bank Supervision D. Bank Auditing

36. सबै परिस्थितिहरुका लागि उपयुक्त नेतृत्वको कुनै एक शैली छैन, यो नेतृत्वको आधारभूत अवधारणा हो ।
(There is no single style of leadership appropriate to all situations, It is a fundamental concept of leadership.)
A. Contingency Theory B. Group Theory C. Trait Theory D. Inspirational Theory

37. नाफा नोक्सान खाताले के देखाउँछ ? (What does profit and Loss account show ?)
A. संस्थाको नाफा नोक्सान B. संस्थाको पुँजी संरचना
C. संस्थाको सम्पत्ति तथा दायित्व D. शेयर बिक्रिसम्बन्धी विवरण

38. लागत, संख्या र गुणस्तरका सम्बन्धमा स्वेच्छिक रुपमा लामो कामदारको समूह निरन्तर Supervisor सँग सम्वादमा रही समाधान गर्ने समूहलाई .......... भनिन्छ ।
(A small group of workers who regularly and voluntarily meet their supervisor to solve work related problems concerning quality, quantity and cost is called .......)
A. Self management team B. Management by objectives
C. Quality circle D. Cross functional team

CamScanner

39. मानव संसाधन व्यवस्थापनले मुख्य जोड दिने विषय तलका मध्ये कुन हो ?
**(Which of the following is the main emphasis of human resource management ?)**
A. जनशक्तिलाई कारवाही B. जशक्तिको विकास C. जनशक्तिको सर्वेक्षण D. जनशक्ति विस्थापन

40. दोहोरो लेखा प्रणालीबारे तलको कुन कुरा सही छैन ?
**(Which is not true regarding double entry system ?)**
A. डेबिट र क्रेडिट पक्षमा बराबर असर गर्ने B. नाफा नोक्सान मात्र देखाउने
C. कुनै पनि प्राविष्टिले दुई खातामा असर गर्ने D. डेबिट र क्रेडिट गरी दुई पक्षमा अभिलेख राख्ने

41. श्रम उत्पादकत्व र दक्षता वृद्धिका लागि महत्वपूर्ण मानिएको व्यवस्थापनको सिद्धान्त तलका मध्ये कुन हो ?
**(Which of the following is the most important theory of management for increasing labour productivity and efficiency ?)**
A. Scientific Management Theory B. Administrative Theory
C. Bureaucracy Thoery D. Human Relation Theory

42. तलका मध्ये कुन चाहिँ Socio-Economical Factor बाहय वातावरणसँग सम्बन्धित छ ?
**(Which of the following id related to Socio-Economical Factors of external environment ?)**
A. Law and regulation B. Market size and Infrastructure
C. Value and belief D. Exchange rate and risk

43. उत्प्रेरणाको आरोग्य सिद्धान्त कसले प्रतिपादन गरेका हुन् ?
**(Who introduced the Hygiene Theory of Motivation ?)**
A. Frederick Herzberg B. Henry Fayol
C. Y.K. Bhusan D. Abraham Maslow

44. "एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सूचना संप्रेषण गर्ने प्रक्रियालार्य सञ्चार भनिन्छ ।" यो कसको भनाइ हो ?
**('Communication is the process of transferring information from one person to another.' Whose statement is this ?)**
A. R.W. Griffin B. Knootz and Weihrich
C. Newman D. Taylor

45. तलक मध्ये कुन चाहिँ सन्तुलन परीक्षण तयार गर्ने प्रकृया होइन ?
**(Which of the following is not a process of preparing Trial Balance ?)**
A. अभिलेखीकरण (Recording) B. संश्लेषण (Summarizing)
C. वर्गीकरण (Classification) D. विश्लेषण (Interpretation)

46. ५० मिलिलिटर २.५ लिटरको कति दशमलब अंश हुन्छ ? **(What is the decimal fraction of 50 ml of 2.5 liters ?)**
A. ०.००२ B. ०.०२ C. ०.२ D. १.०२

47. ६ को आधा र ६ को दुई तिहाई जोड्दा कति हुन्छ ?
**(What is the sum of half of 6 and 2/3 of 6 ?)**
A. ६ B. ७ C. ४ D. ३

48. २४, ३६ र ४० को न्यूनतम साझा गुणन कुन हो ?
**(What is the lowest common multiple of 24, 36 and 40 ? )**
A. १२० B. २४० C. ३६० D. ४८०

49. पाँचवटा कलमको मूल्य ४८ रुपैयाँ ९० पैसा पर्छ भने चारवटा कलमको मूल्य कति पर्छ ?
**(If five pens cost 48 rupess 90 paisa, then what is the cost of four pens ?)**
A. ३८ रुपैयाँ १२ पैसा B. ३८ रुपैयाँ ८४ पैसा C. ३९ रुपैयाँ १२ पैसा D. ३९ रुपैयाँ ८४ पैसा

50. कुनै व्यक्तिले २ प्रतिशत व्याजका दरले रु. १५०० लगानी गरेको छ भने ५ वर्षपछि उसले कति रकम फिर्ता पाउँछ ?
**(If a person has invested Rs. 1500 at the interest rate of 2 percentage, how much will he get back after 5 Years ?)**
A. १५०० B. १६५० C. १७०० D. १७५०

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैक लिमिटेड, प्रशासन, सूचना प्रविधि चौथो, सहायक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७९/०३/२६**

**पत्रः प्रथम**
**समयः ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषयः बैंकिङ्ग, लेखा तथा सूचना प्रविधि**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

**खण्ड "क"** **४० अङ्क**

१. नेपाल राष्ट्र बैंकले तोकेबमोजिम "क" वर्गको वाणिज्य बैंकले कजाको वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था गर्ने सम्बन्धमा भएका व्यवस्थाहरुबारे लेख्नुहोस् । ५+५=१०
(Write about the provisions prescribed by the Nepal Rastra Bank for loan classification and loan loss provisioning for 'A' class commercial banks.)

२. नेपालको आर्थिक विकासमा राष्ट्रिय वाणिज्य बैंकले खेलेको भूमिकाबारे वर्णन गर्नुहोस् । १०
(Describe about the role played by Rastriya Banijya Bank in economic development of Nepal.)

३. नेपाल राष्ट्र बैंकले कुनै बैंक तथा वित्तीय संस्थाको स्थापना गर्न वा विदेशी बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खोल्नका लागि पूर्व स्वीकृति दिन इन्कार गर्नसक्ने अवस्थाहरु लेख्नुहोस् । १०
(Iscuss the conditions in which Nepal Rastra Bank may deny the prior approval of Incorporation of bank and financial institution or establishment of new branch of foreign banks of financial Institution.)

४. सम्पत्ति शुद्धीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको भूमिका स्पष्ट पार्नुहोस् । १०
(Clarify the role of bank and financial institutions in anti-Money Laundering.)

**खण्ड "ख"** **४० अङ्क**

५. लेखापरीक्षण भन्नाले के बुझिन्छ ? आन्तरिक लेखापरीक्षण र बाहृय लेखापरीक्षणीय फरक लेख्नुहोस् । २+८=१०
(What is an audit ? Differentiate between Internal audit and External audit.)

६. सरोकारवालाहरुले वित्तीय विवरणको प्रयोग कसरी गर्दछन् ? व्याख्या गर्नुहोस् । १०
(How do stakeholders use financial statement ? Explain.)

७. ह्रासकट्टी भनेको के हो ? स्थिर सम्पत्तिको ह्रासकट्टी गर्नुको औचित्यमाथि प्रकाश पार्दै ह्रासकट्टी गर्दा ध्यान दिनुपर्ने कुराहरुको चर्चा गर्नुहोस् । १+४+५=१०
(What do you mean by depreciation ? Mention the rational of depreciation of fixed assets. Also, highlight the precautions to be taken for depreciation.)

८. जिन्सी व्यवस्थापनको परिचय गराउँदै यसको महत्वबारेमा प्रकाश पार्नुहोस् । ५+५=१०
(Introducing Inventory Management, highlight its importance.)

**खण्ड "ग"** **२० अङ्क**

९. Answer the following 5+5=10
a. Define Excel. Briefly explain its important features.
b. What is Database Management System (DBMS) ? Explain different types of databases.

१०. Write short notes on: 5+5=10
a. Intranet and Extranet
b. NRB IT Policy

mmm

CamScanner

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, चौथो, सहायक (नगद) पदको
## खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७९/०३/२७

पत्र: द्वितीय
समय: ३ घण्टा पूर्णाङ्क : १००

### विषय: व्यवस्थापन, गणित, तथा सेवा सम्बन्धी

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

### खण्ड "क" ६० अङ्क

१. संगठनको सफलता मुख्य रुपमा त्यसमा भएको नेतृत्वको गुणमा निर्भर हुन्छ । तपाइँ यस भनाइमा कत्तिको सहमत हुनुहुन्छ ? १०
(Success of an organization principally depends on the quality of its leadership, How far do you agree on it ?)

२. द्वन्द्व व्यवस्थापन भनेको के हो ? संगठनमा देखापर्ने द्वन्द्वका कारणहर उल्लेख गर्दै द्वन्द्व व्यवस्थापनका लागि अपनाउनुपर्ने उपायहरु प्रस्तुत गर्नुहोस् । ३+३+४=१०
(What is meant by business letter ? Write down the causes of conflict and measures for conflict management in an organization.)

३. व्यवसायिक पत्र भन्नाले के बुझिन्छ ? व्यवसायिक पत्रको संरचनाबारे व्याख्या गर्नुहोस् । २+८=१०
(What is meant by business letter ? Explain the structures of business letter.)

४. प्रभावकारी सञ्चारले संगठनको समग्र उत्पादकत्वमा वृद्धि गर्छ भन्ने भनाइमा तपाइँ कत्तिको सहमत हुनुहुन्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । १०

५. कर्मचारी कार्यसम्पादन मूल्यांकनका विधिहरु के के हुन् ? कर्मचारीको उत्पादकत्व वृद्धि गर्नका लागि कार्यसम्पादन मूल्यांकन प्रणालीलाई निष्पक्ष एवं प्रभावकारी बनाउने सुझावहरु प्रस्तुत गर्नुहोस् ।
(What are the methods of performance appraisal system ? Suggest the measures for unblased and effective performance appraisal system in order to increase productivity of employees.)

६. कुनै पनि संस्थामा कर्मचारीहरुको आवश्यकता निर्धारण गर्न कार्य विश्लेषणको महत्वबारे प्रकाश पर्नुहोस् । १०
(Enlighten the importance of job Analysis while determining the need of employees in an organization.)

### खण्ड "ख" २० अङ्क

७. एउटा टेलिभिजन रु ६०,००० मा बेच्दा २० प्रतिशत नोक्सान हुन्छ । १२ प्रतिशत नाफा कमाउन उक्त टेलिभिजन कतिमा बेच्नुपर्दछ ? पत्ता लगाउनुहोस् । १०
(There is a loss of 20% while selling a television for Rs. 60,000, At what price should the television be sold to gain 12% profit ? Find out.)

८. राम र हरि दुवै मिलेर कुनै काम २० दिनमा सम्पन्न गर्न सक्दछन् । यदि हरिले ५ दिनमा गर्न सक्ने काम रामले ४ दिनमा नै गर्न सक्छन् भने दुवैले उक्त काम एक्लाएक्लै गर्नुपर्दा कति कति दिनमा सक्लान् ? हिसाब गर्नुहोस् । १०
(Ram and Hari together Can complete a task in 20 days. If the job done by Hari in 5 days can be done by Ram in a 4 days, then how many days will they take to complete the job if they work separately ?)

### खण्ड "ग" २० अङ्क

९. तलका विषयमा छोटो टिप्पणी लेख्नुहोस् । 5+5=10
क. अन्तर शाखा तथा अन्तर बैंक कारोवार
ख. नेपाल राष्ट्र बैंकको सफा नोट नीतिको कार्यान्वयन
Write short note on the following
a. Interbranch and interbank transaction
b. Implementation of Nepal Rastra Bank's Clean Note Policy

१०. नेपालमा वाणिज्य बैंकहरुले गर्ने गैह्र कोषमा आधारित कारोबारका बारेमा उल्लेख गर्नुहोस् । 5+5=10
Describe the Non-fund based Business carried out by commercial banks in Nepal.

CamScanner